## विहादी गाउँ कार्यपालिकाको २०८२ साल फागुन २८ गतेको निर्णय प्रमाणित:

### निर्णय नं. १

भूमि सम्बन्धी समस्या समाधान आयोगको सूचना बमोजिम निवेदन पेश गरि भूमि सम्बन्धी समस्या समाधान आयोगबाट छनौटमा परेका यस विहादी गाउँपालिकाका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम ४१ख बमोजिम आवास र कृषि दुवै प्रयोजनार्थ सम्बन्धित वडाको उपलब्ध गराउने सकिने जग्गामध्येबाट प्रत्येक भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई तीन हजार वर्ग मिटरका दरले जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. २

विहादी गाउँपालिकाबाट सूचना नं. ४६, मिति २०८२।०९।२४ मा प्रकाशित स:शुल्क जग्गा प्राप्ति सम्बन्धी सार्वजनिक सूचना बमोजिम विहादी गाउँपालिका वडा नं. ४ स्थित सापचौर खेल मैदान क्षेत्र विस्तारको लागि थप जग्गाको आवश्यकता परेकोले स:शुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति वा संघ संस्थाहरुलाई निवेदन पेश गर्न सूचना प्रकाशन गरिएकोमा पेश हुन आएका देहाय बमोजिमका निवेदकहरुको जग्गा सूचना बमोजिमका शर्तहरु पूरा भएको जग्गा भएकोले उक्त जग्गा जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम प्रक्रिया अगाडी बढाउने तथा जग्गा प्राप्ती गर्दा लागेको वा लाग्ने भएको खर्च विहादी गाउँपालिकाबाट **सापचौर खेल मैदान जग्गा प्राप्ती** शिर्षकमा विनियोजित बजेट रकम **रु. ५,५५,०००।-** बाट व्यहोर्ने निर्णय गरियो ।

देहाय:

| क्र.सं. | जग्गा धनीको नाम थर | जग्गाको कित्ता नं. | जग्गाको जम्मा क्षेत्रफल | प्राप्ति गर्ने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्र कला भुसाल | १८२ | ४-५-२-१ | २-५-२-३ | |
| २ | काशीराम भुसाल | १३३६ | १-५-१-० | १-५-१-० | |
| ३ | पूर्ण कला भुसाल | १३३८ | १-१३-१-० | १-२-३-२ | |

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति: २०८२।११।२८

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३